# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

(.................... महाशाखा)

फोन :-६६३०४०८, ६६३०७६९
६६३१४५८, ६६३१४५९
फ्याक्स :- +९७७-१-६६३५१२५
इमेल :- info@ctevt.org.np
वेबसाइट:- www.ctevt.org.np
पो.ब.नं. :- ३५४६, काठमाडौँ
मध्यपुर थिमी न.पा. २
सानोठिमी, भक्तपुर, नेपाल।

पत्र संख्या:-

च.नं. :-

मितिः २०८३/०२/२६

## विज्ञप्ति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत सञ्चालित केही शिक्षण संस्थाहरूले चालु शैक्षिक सत्र २०८३/८४ मा प्राविधिक शिक्षाका कार्यक्रमहरूमा प्रशिक्षार्थी भर्ना गर्दा लिएको शुल्कको सम्बन्धमा प्राप्त गुनासो उपर परिषद् कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका शिक्षण संस्थामा सञ्चालन हुने प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमका लागि परिषद् कार्यालयको मिति २०७८/०५/०४ गतेको निर्णय बमोजिमको प्रशिक्षण शुल्क नै हालसम्म कायम रहेको व्यहोरा जानकारी गराइन्छ। निजी स्तरमा सम्बन्धन स्वीकृति प्राप्त गरी स्वास्थ्य संकाय तर्फ डिप्लोमा तथा प्रमाणपत्र तहमा निम्नानुसारका कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरूका लागि तोकिएको प्रशिक्षण शुल्क देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबै सरोकारवालामा जानकारी गराइन्छ।

| कार्यक्रम | तीन वर्षको जम्मा प्रशिक्षण शुल्क रु. |
|---|---|
| प्रवीणता प्रमाणपत्र तह नर्सिङ | ४,७५,०००।- |
| प्रवीणता प्रमाणपत्र तह सामान्य चिकित्सा | ४,०४,०००।- |
| डिप्लोमा इन फार्मेसी | ३,३७,८००।- |

परिषद्ले तोकेको प्रशिक्षण शुल्क सम्बन्धित शिक्षण संस्थामा तीन किस्तामा बुझाउन सकिने छ। जसमध्ये पहिलो किस्ता तोकिएको शुल्कको ४०%, दोस्रो र तेस्रो किस्ता ३०% का दरले बुझाउन सकिने व्यवस्था रहेको छ। परिषद्सँगको साझेदारीमा सञ्चालनका लागि स्वीकृति प्राप्त गरेका शिक्षण संस्थाहरूले निजी शिक्षण संस्थाहरूलाई तोकिएको प्रशिक्षण शुल्कको कम्तीमा ३०% कम शुल्क लिनु पर्नेछ। भर्ना भएका प्रशिक्षार्थीहरूले शिक्षण संस्थाको होस्टल, क्यान्टिन, बस लगायतका अतिरिक्त सुविधा प्रयोग गरेमा थप शुल्क लाग्न सक्नेछ। तर शिक्षण संस्थाले प्रशिक्षार्थीहरूलाई होस्टल, क्यान्टिन, बस लगायतका सुविधा प्रयोग गर्न बाध्य बनाउन पाउने छैन। यदी कुनै शिक्षण संस्थाले परिषद्ले निर्धारण गरेको भन्दा बढी प्रशिक्षण शुल्क लिएको पाइएमा वा अनुचित तवरले अन्य सुविधा लिन प्रशिक्षार्थीलाई बाध्य पारेको पाइएमा त्यस्ता शिक्षण संस्थालाई प्रचलित कानुन अनुसार कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८३/२/२६

दामोदर देवकोटा
निर्देशक

CamScanner मार्फत स्क्यान गरियो